आज मिति २०७८ वैशाख ५ गते प्रमुख जिल्ला अधिकारी श्री सन्त बहादुर सुनारको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा कोभिड-१९ को संकटको जोखिम न्यूनीकरण तथा रोकथाम सम्वन्धमा जिल्ला विपद व्यवस्थापन समिति बर्दियाको बैठक बसि निम्नानुसारको निर्णय गरियो।

**उपस्थिति**

प्र.जि.अ. श्री सन्त बहादुर सुनार, जिल्ला प्रशासन कार्यालय, बर्दिया — अध्यक्ष

प्रमुख, श्री शंकरप्रसाद चौधरी, जिल्ला समन्वय समिति बर्दिया

नगरप्रमुख, श्री मुक्तिनाथ यादव, गुलरिया नगरपालिका,

नगरप्रमुख, श्री गणेश बहादुर के.सी., मधुवन नगरपालिका

नगरप्रमुख, श्री दुर्गा बहादुर थारु, बारबर्दिया नगरपालिका

नगरप्रमुख, श्री घननारायण श्रेष्ठ., ठाकुरबाबा नगरपालिका

नगरप्रमुख, श्री शिव प्रसाद थारु, राजापुर नगरपालिका

अध्यक्ष, श्री लाल बहादुर श्रेष्ठ, बढैयाताल गाउँपालिका

नगर उपप्रमुख, श्री सुस्मा चौधरी, बाँसगढी नगरपालिका

प्र.उ. श्री ईश्वर कार्की, जिल्ला प्रहरी कार्यालय बर्दिया

स.प्र.उ. श्री नरबहादुर रावत,सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गण हे.क्वा.

उप.अनु.नि. श्री जयेन्द्रप्रसाद उपाध्याय राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय

उपाध्यक्ष, श्री हेमा चौधरी, गेरुवा गाउँपालिका

सेनानी श्री श्यामु शाही, भैरब प्रसाद गण सुरक्षा गुल्म, बर्दिया

ब.ज.अ. श्री गोकर्ण गिरी, स्वास्थ्य कार्यालय बर्दिया

प्र.प्र.अ., श्री टोपेन्द्र बहादुर के.सी., बांसगढी नगरपालिका.

प्र.प्र.अ., श्री रामहरी रिजाल, ठाकुरबाबा नगरपालिका.

प्र.प्र.अ. श्री धर्मराज न्यौपाने, राजापुर नगरपालिका

प्र.प्र.अ. श्री अर्जुन सुवेदी, बढैयाताल गाउँपालिका

शा.अ. सतिश यादव, गुलरिया नगरपालिका

डा. मोनु दहित, बर्दिया अस्पताल बर्दिया

नि.जि.स.अ. श्री कृष्णबहादुर खड्का, जिल्ला समन्वय समितिको कार्यालय

प्र.अ. श्री ओम प्रकाश देवकोटा, जिल्ला प्रशासन कार्यालय, बर्दिया

शा.अ. श्री मुकुन्द अर्याल, गुलरिया नगरपालिका

प्रतिनिधि, दुर्गाबहादुर चौधरी, कमैया महिला जागरण समाज, बर्दिया

प्रतिनिधि, किशोर कुमार चौधरी, थारु महिला उत्थान केन्द्र, बर्दिया

कम्प्यूटर अपरेटर गंगाराम अधिकारी, जिल्ला प्रशासन कार्यालय, बर्दिया

निर्णय:

१. कोभिड-१९ को संक्रमणको जोखिम नियन्त्रण रोकथाम तथा उपचारका सम्बन्धमा यस समितिको यस अघिको बैठकको निर्णय कार्यान्वयन स्थितिको समिक्षा एवम् वर्तमान अवस्थाको बारेमा छलफल भयो ।

२. हाल नेपालमा कोभिड-१९ संक्रमणको दोस्रो लहर तीव्र रुपमा फैलिरहेको र छिमेकी मित्रराष्ट्र भारतमा दैनिक लाखौको संख्यामा संक्रमित थपिरहेको छ । साथै, रोजगारीका सिलसिलामा भारत गएका नेपालीहरु कोभिड-१९ संक्रमणको बीचमा सीमा नाकाबाट फर्किरहेका हुँदा संक्रमितको संख्या थपिदै जादा छिमेकी जिल्ला लगायत बर्दिया जिल्लामा समेत संक्रमण बढीरहेकोले यसको रोकथाम नियन्त्रण र उपचार व्यवस्थापनलाई प्रभावकारी बनाई जिम्मेवारी पूर्वक देहाय बमोजिम गर्ने, गराउने।

   क. सबै बर्दियाबासी/जनसमुदायलाई अत्यावश्यक कामका लागि बाहेक घर बाहिर ननिस्कन र निस्कनै परे जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गर्न अनुरोध गर्ने र सोको अनुगमन स्थानीय तह र सुरक्षा निकायबाट गर्ने ।

   ख. सबै स्थानीय तहले भारत लगायत अन्य देशबाट आउने व्यक्तिहरुलाई अनिवार्य १० दिन होम क्वारेण्टीनमा बस्न लगाउने र सोको अनुगमन स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति मार्फत गर्ने व्यवस्था मिलाउन स्थानीय तहलाई अनुरोध गर्ने ।

   ग. कोभिड-१९ संक्रमित पोजेटिभ भएका व्यक्तिलाई सम्भव भएमा घरमा होम आइसोलेसनमा राखी दैनिक स्वास्थ्यकर्मीबाट फोन मार्फत वा प्रत्यक्ष अनुगमनको व्यवस्था मिलाउने यसको सहजीकरण स्वास्थ्य कार्यालय बर्दियाले गर्ने ।

   घ. दोश्रो चरणको कोभिड-१९ क्रमणको लक्षण सहितका बिरामीहरु केहि दिन यता बर्दिया जिल्लामा एक्कासी बढिरहेको सन्दर्भमा, चिन्ह लक्षण देखिएका कोभिड-१९ संक्रमितलाई उपचारको लागि सबै स्थानीय तहमा रहेका अस्थायी कोभिड अस्पतालहरुमा अक्सिजन सहितको कम्तिमा ५ शैया तयारी अवस्थामा राख्ने, सोको व्यवस्थापनको लागि चिकित्सक सहित स्वास्थ्यकर्मीको आवश्यक व्यवस्था मिलाउन सबै स्थानीय तहलाई अनुरोध गर्ने । स्वास्थ्य कार्यालय बर्दिया र बर्दिया अस्पतालले आवश्यक समन्वय गर्ने।

   ङ. कोभिड-१९ को संक्रमणको जोखिम कम गर्न दैनिक उपभोग्य र कृषि उपज बाहेका सबै हाटबजार, खेलकुद, मेला पर्व, भेला, आमसभालाई अर्को निर्णय नभएसम्म रोक लगाउने।

   च. सबै प्रकारका पसलबाट मालसामानहरु बेचबिखन गर्दा अनिवार्य २ मीटरको भौतिक दुरी कायम गर्ने, मास्कको अनिवार्य प्रयोग र नियमित साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने । सोको अनुगमन गरी मापदण्डको पालना नगर्ने पसल व्यवसायहरुलाई ५ दिनको लागि बन्द गर्ने व्यवस्था मिलाउने।

   छ. बर्दिया जिल्ला अस्पतालमा बनिरहेको ल्याब भवनलाई १५ दिन भित्र पुरा गर्न स्थानीय तहबाट गुलरिया नगरपालिकालाई PCR मेसिन खरिदको लागि प्रदान गरिएको बजेटबाट भवन फिनिसिङ्ग गरी महामारीको अवस्था आएमा कोभिड वार्ड सञ्चालनको लागि तयारी अवस्थामा राख्न र सोही रकमबाट आवश्यक जनशक्तिको व्यवस्थापन गर्न गुलरिया नगरपालिकालाई अनुरोध गर्ने । PCR मेसिन खरिदका लागि रकम जम्मा नगरेका स्थानीय तहलाई अविलम्ब तोकिएको खातामा जम्मा गर्न अनुरोध गर्ने ।

२०७८/१/१८

ज. सबै स्थानीय तहबाट PCR नमूना ढुवानी तथा कोभिडको जटिलता भएका विरामीको प्रेषणको लागि कोभिड डेडिकेटेड एम्बुलेन्सको व्यवस्था गर्ने । PCR नमूना ढुवानीको समेत व्यवस्था मिलाउन सबै स्थानीय तहलाई अनुरोध गर्ने ।

३. कोभिड-१९ संक्रमणको जोखिम न्यूनीकरणमा खटिने स्वास्थ्यकर्मी लगायतका सम्पूर्ण जनशक्तिहरुलाई अत्यावंश्यक बाहेक काज, बिदामा नछोड्न जिल्लास्थित सबै कार्यालयहरुलाई अनुरोध गर्ने ।

४. कोभिड-१९ को संक्रमण देखिएका व्यक्तिको Close Contact मा रहेका व्यक्तिहरुलाई १० दिन अनिवार्य निगरानीमा राखी चिन्ह लक्षण देखिएमा कोभिड-१९ परीक्षणको व्यवस्था मिलाउने ।

५. जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गर्ने तथा स्वास्थ्य कार्यालय, बर्दियाले तयार गरेको कोभिड-१९ संक्रमण जोखिम नियन्त्रण र रोकथाम सम्वन्धी सूचना मुलक सन्देशको सघन प्रचार प्रसार गर्ने ।

६. अर्को निर्णय नभएसम्म सबै खुल्ला सीमाबाट हुने आवतजावतलाई पूर्ण निषेध गर्ने ।

७. कोभिड-१९को जोखिमको मूल्याङ्कन गरी विद्यालय बन्द गर्ने निर्णय सम्बन्धित स्थानीय तहले गर्ने।

८. कोभिड-१९ संक्रमणको जोखिम न्यूनीकरणका लागि अग्रपंतिमा खटिने स्वास्थ्यकर्मी तथा संक्रमित विरामीलाई आवश्यक पर्ने मास्क, सेनिटाइजर स्वास्थ्य कार्यालय बर्दियाबाट आवश्यक व्यवस्था मिलाउने ।

२०७८/१/१५